**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**फैसला**

**२०७८/०७९ सालको निर्णय नं. ३३१**

**मुद्दा नं. ०७७-RB- ०४३६**

**मुद्दाः- केराउ ४० बोरा समेत चोरी पैठारी ।**

| | |
|---|---|
| जिल्ला धनुषा विदेह न.पा.वडा नं.१ बस्ने प्रभु साहको नाती जुगुत लाल साहको छोरा वर्ष २२ को अजय कुमार साह....................................१<br>जिल्ला धनुषा विदेह न.पा.वडा नं.६ बस्ने मखन झाको नाती पुलकित झा को छोरा वर्ष ४५ को शिव कुमार झा............................................१ | पुनरावेदक / प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| प्र.ना.नी.धर्मेन्द्र ठाकुर समेत जिल्ला प्रहरी कार्यालय धनुषा समेतको प्रतिवेदनले नेपाल सरकार...........................................................१ | प्रत्यर्थी/ वादी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : जनकपुर भन्सार कार्यालय, जनकपुरधाम, धनुषा
शुरु निर्णय गर्ने अधिकारी : भन्सार अधिकृत श्री प्रमोद दास
शुरु निर्णय मिति : २०७७/०९/२२

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री उज्वल राम घिमिरे

प्रत्यर्थीको तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री बिमला गौतम

यसमा जनकपुर भन्सार कार्यालयबाट भएको मिति २०७७।०९।२२ मा भएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुंदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य तथा न्यायाधिकरणको ठहर यस प्रकार छः-

**संक्षिप्त तथ्य** :

१. मिति २०७७।६।३० गते अ.१९.०० बजेको समयमा जिल्ला धनुषा विदेह नगरपालिका हुदै को.१.ज ३७६० नं. को म्याजिक भ्यानमा मटर मरिच लगायतका सामानहरु भन्सार छली भारत तर्फ लगिरहेको भनि सूचना प्राप्त भई सो सूचनाको आधारमा प्रहरी टोली पुग्दा को.१.ज ३७६० नं.को म्याजिक भ्यानमा भारत तर्फ जादै गरेको अवस्थामा फेला परी रोकी तलासी गर्दा मटर १००० किलोग्राम, कालो मरिच ६ बोरा १५० कि.ग्रा.,छोकरा २ बोरा १०० कि.ग्रा. र सुकमेल ४ कि.ग्रा. फेला परेकोले उक्त सामानहरु सहित को.१ज ३७६० नं. को म्याजिक भ्यान समेत बरामद गरी उक्त म्याजिक चालक शिव कुमार झा र अजय कुमार साह समेतलाई पक्राउ गरेको भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालय धनुषाबाट तयार भएको मिति २०७७।६।३० गतेको बरामदी तथा खानतलासी मुचुल्का ।

२. मिति २०७७।६।३० गते अं.१९:०० बजेको समयमा म समेतको टोलीले गस्ती गर्ने क्रममा मटर र सुकमेल समेत भन्सार छली चोरी निकासी गरि रहेको अवस्थामा फेला पारी खानतलासी गर्दा केराउ ४० बोरा, कालो मरिच २५ के.जी.,सुकमेल ४ के.जी., छोकरा १०० के.जी., को.१.ज ३७६० नं. को म्याजिक भ्यानमा लोड गरेको अवस्थामा फेला परेको उक्त म्याजिक भ्यान सवारी धनी शिव कुमार झा र सोही गाडीमा सवार रहेको अजय कुमार साह बरामदित सर सामान सहित फेला परी कानुन बमोजिम आवश्यक कारवाही गरि पाँउ भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालय धनुषाका प्र.ना.नि. धमेन्द्र ठाकुर समेतले मिति २०७७।६।३० गते पेश गरेको प्रतिवेदन।

३. भन्सार कार्यालय धनुषामा आवश्यक कारवाहीका लागि बरामद दशीहरु सहित पक्राउ परेका व्यक्तिहरु समेत पठाइएको भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालय धनुषाले मिति २०७७।७।१ गते लेखेको पत्र।

४. को.१ज ३७६० नं. को म्याजिक भ्यान लिएर म जनकपुर बस पार्कमा बसिरहेको बेला अजय कुमार साहले भाडामा जाने भनेर सोध्दा मैले जान्छु भनि म आफ्नो गाडीमा मटर ४० बोरा, सुकमेल ४ केजी,छोकरा १०० के.जी.लोड गरेर जादै गर्दा ठाडीमा प्रहरी चौकी देखि १०० मिटर पर अजय कुमार साहको गोदाममा

सामान अनलोड गरी रहेको अवस्थामा मलाई पक्राउ गरेको, मसंग बरामद भएको सामानको बिल विजक रहेको सो बिल प्रहरीले मागेर राखेको भन्ने व्यहोराको प्रतिवादी शिव कुमार झाले अनुसन्धान अधिकृत समक्ष मिति २०७७।७।३ मा गरेको बयान।

५. नानेश इन्टरप्राइजेज (पान नं.३००१०२६३५) बाट न्यू साह टेडर्स (पान नं.६०३९२२१९९) मा मैले को.१ज ३७६० नं. को म्याजिक भ्यानमा मटर ४० बोरा, मरिच १०० केजी, सुकमेल ४ केजी, छोकरा १०० केजी खरिद गरी लोड गरेर जादै गर्दा ठाडीमा प्रहरी चौकी देखि १०० मिटर पर आफ्नै गोदाममा सामान अनलोड गर्दै गर्दा मलाई प्रहरीले पक्राउ गरेको, सो बरामद भएको सामानको बिल विजक रहेको सो बिल प्रहरीले मागेर राखेको मसंग बरामद भएको गाडी मैले भाडामा लगेको भन्ने व्यहोराको प्रतिवादी अजय कुमार साहले अनुसन्धान अधिकृत समक्ष मिति २०७७।७।३ मा गरेको बयान।

६. तत्काल प्राप्त प्रमाणहरुबाट निज प्रतिवादीले केराउ ४० बोरा समेत भन्सार छली चोरी निकासी गरी भन्सार ऐन,२०६४ को दफा ५७(१) को कार्य गरेको होइन भन्न सकिने मनासिब आधार नदेखिएको पछि प्रमाण बुझ्दा जादाँ ठहरे बमोजिम हुने गरी भन्सार ऐन,२०६४ को दफा १४(१) बमोजिम नगद धरौटी माग गर्नुपर्ने भएकोले सामानको प्रतिवेदन मुल्य रु.१,८३,०००।०० उल्लेख हुदां सोही ऐनको दफा ५७(१क) बमोजिम विगो बमोजिम रु.१,८३,०००।०० को.१ज. ३७६० नं. को म्याजिक भ्यान सोही ऐनको दफा ५७(१ख) बमोजिम सवारी धनीलाई हुन सक्ने जरिवाना वापत रु.१,००,०००।- र सवारी चालकलाई हुन सक्ने जरिवाना रु.५०,०००।- गरी जनही रु.३,३३,०००।-ले जम्मा रु.६,६६,०००।-नगद धरौटी रकम माग गर्ने,नगद धरौटी दिए साधारण तारेखमा राख्ने सो बमोजिम धरौटी दिन नसके कानुन बमोजिम थुनुवा पुर्जी दिन् भन्ने व्यहोराको मिति २०७७।७।३ मा अनुसन्धान अधिकृत गोपाल महत्तोले गरेको आदेश।

७. तत्काल प्राप्त प्रमाणहरुबाट निज प्रतिवादीले केराउ ४० बोरा समेत भन्सार छली चोरी निकासी गरी भन्सार ऐन,२०६४ को दफा ५७(१) को कार्य गरेको होइन भन्न सकिने मनासिब आधार नदेखिएको पछि प्रमाण बुझ्दा जादाँ ठहरे बमोजिम हुने गरी भन्सार ऐन,२०६४ को दफा १४(१) बमोजिम नगद धरौटी माग गर्नुपर्ने भएकोले सामानको प्रतिवेदन मुल्य रु.१,८३,०००।०० उल्लेख हुदां सोही ऐनको दफा ५७(१क) बमोजिम विगो बमोजिम रु.१,८३,०००।०० को.१ज. ३७६० नं. को म्याजिक भ्यान सोही ऐनको दफा ५७(१ख) बमोजिम सवारी धनीलाई हुन सक्ने जरिवाना वापत रु.१,००,०००।- र सवारी चालकलाई हुन सक्ने जरिवाना रु.५०,०००।- गरी जनही रु.३,३३,०००।-ले

जम्मा रु.६,६६,०००।-नगद धरौटी रकम माग गर्ने,नगद धरौटी दिए साधारण तारेखमा राख्ने सो बमोजिम धरौटी दिन नसके कानुन बमोजिम थुनुवा पुर्जी दिनु भन्ने व्यहोराको मिति २०७७।७।३ मा भन्सार अधिकृत रामेश्वर कुमार मिश्रले गरेको थुनछेक आदेश।

८. मिसिल संलग्न प्रहरी प्रतिवेदन, बरामदी /खानतलासी मुचुल्का, प्रतिवादीहरुले कसुर स्वीकार गरि गरेको साविती बयान समेतका कागजातहरुको अध्ययन, छानविन तथा विश्लेषणका आधारमा प्रतिवादीहरुले भन्सार ऐन,२०६४ को दफा ५७(१) बमोजिम दाखिला हुन आएको केराउ ४० बोरा समेत चोरी निकासी गरेको पुष्टी हुन आएको, को.१.ज ३७६० नम्बरको म्याजिक भ्यान र सोही ऐनको दफा ५७ को उपदफा ५७ (१क) बमोजिम उक्त केराउ ४० बोरा समेत जफत गरी विगो बमोजिमको रु.१,८३,०००।— तथा ऐ.ऐनको दफा ५७ (१ख) अनुसार सवारी धनीलाई हुने जरिवाना रु.१,००,०००।—र सवारी चालकलाई हुने जरिवाना रु.५०,०००।— गरी जनही रु.३,३३,०००।— ले जम्मा रु.६,६६,०००।— नगद जरिवाना हुने माग दावी सहित मिति २०७७।७।१९ गतेको अभियोग पत्र।

९. मिति२०७७।६।३० गतेको दिन अजय कुमार साहको गोदाममा जनकपुरबाट लगेको सामानहरु अनलोड गरी सकेपछि प्रहरी कार्यालय ठाडीको प्रहरी गोदाममा आई सो सामानहरु पुनः म्याजिकमा लोड गरी लगेको भन्ने व्यहोराको बरामदीत मुचुल्का बस्ने व्यक्तिहरु रोहित कुमार दाहा, अरविन्द कुमार राउत, विकास कुमार झा र सुरज कुमार राउतले मिति २०७७।७।२७ मा अनुसन्धान अधिकृत समक्ष गरेको कागज।

१०. मिति २०७७।६।३० गते को.१ज ३७६० नं. को म्याजिक भ्यान लिएर म जनकपुर बस पार्कमा बसिरहेको बेला अजय कुमार साहले भाडामा जाने भनेर सोध्दा मैले जान्छु भनि म आफ्नो गाडीमा मटर ४० बोरा, सुकमेल ४ केजी, छोकरा १०० के.जी.लोड गरेर जादै गर्दा ठाडीमा प्रहरी चौकी देखि १०० मिटर पर अजय कुमार साहको गोदाममा सामान अनलोड गरी रहेको अवस्थामा मलाई पक्राउ गरेको, मसंग बरामद भएको सामानको बिल विजक रहेको सो बिल प्रहरीले मागेर राखेको,मसंग बरामद भएको गाडी मेरै नाममा दर्ता रहेको भन्ने व्यहोराको प्रतिवादी शिव कुमार झाले भन्सार अधिकृत समक्ष मिति २०७७।८।२२ मा गरेको बयान।

११. नानेश इन्टरप्राइजेज (पान नं.३००१०२६३५) बाट न्यू साह टेडर्स (पान नं.६०३९२२१९९) मा मैले को.१ज ३७६० नं. को म्याजिक भ्यानमा मटर ४० बोरा,मरिच १०० केजी, सुकमेल ४ केजी, छोकरा १०० केजी खरिद गरी लोड गरेर जादै गर्दा ठाडीमा प्रहरी चौकी देखि १०० मिटर पर आफ्नै गोदाममा

सामान अनलोड गर्दै गर्दा मलाई प्रहरीले पक्राउ गरेको, सो बरामद भएको सामानको बिल विजक रहेको सो बिल प्रहरीले मागेर राखेको मसंग बरामद भएको गाडी मैले भाडामा लगेको भन्ने व्यहोराको प्रतिवादी अजय कुमार साहले भन्सार अधिकृत समक्ष मिति २०७७।८।२२ मा गरेको बयान।

१२. प्रतिवादी अजय कुमार साहले उक्त सामान भन्सार ऐन,२०६४ को दफा २(ङ) बमोजिम भन्सार छली चोरी निकासी कसुर गरेको ठहरेकाले निज प्रतिवादीलाई सोही ऐनको दफा ५७(१क) बमोजिम केराउ ४० बोरा समेत जफत गरी विगो बमोजिम जरिवाना रु.१,८३,०००।- हुने र अर्का प्रतिवादी शिव कुमार झाको नाममा दर्ता रहेको को.१ज.३७६० नम्बरको म्याजिक भ्यान गैर कानुनी तरिकाले मालसामान ओसारपसार कार्यमा प्रयोग भएको निज चालक नै सवारी धनी रही उक्त अवैध कार्यमा संलग्न समेत देखिएकोले भन्सार ऐन,२०६४ को दफा ५७(१ख) बमोजिम हुने जरिवाना रु.१,००,०००।-र सवारी चालकलाई हुने जरिवाना रु.५०,०००।- गरी जम्मा रु.१,५०,०००।- जरिवाना हुने गरी जनकपुर भन्सार कार्यालयबाट मिति २०७७।९।२२ मा भएको निर्णय।

१३. कुनै वस्तुनिष्ठ प्रमाणबाट हामी प्रतिवादीबाट भन्सार छली चोरी निकासीको कसुर गरेको देखिदैन।शंकाको आधारमा कसुरदार ठहऱ्याई फौज्दारी न्यायशास्त्रको विपरित हुने गरी भन्सार अधिकृतबाट भएको निर्णय कानुन सम्मत नदेखिएकोले बदर गरी जरिवानाबाट उन्मुक्ति प्रदान गरी सफाइ गरी पाउँ भन्ने व्यहोराको पुनरावेदक प्रतिवादीद्वय अजय कुमार साह र शिव कुमार झाले मिति २०७७।१०।०५ मा यस न्यायाधिकरणमा दायर गरेको पुनरावेदन पत्र।

१४. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७७।१२।२७ को यस न्यायधिकरणबाट भएको आदेश ।

## <u>ठहर खण्ड</u>

१५. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एव प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादी शिव कुमार झाको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री उज्वल राम घिमिरेले प्रतिवादी अजय कुमार साहले कानुन बमोजिम बैध रुपमा न्यू साह ट्रेडर्सको नाँउमा खरिद गरी बिल समेत लिई सामानहरु आफ्नो गोदाममा लैजान भनी पुनरावेदक प्रतिवादी शिव कुमार झाको गाडी भाडामा लिई लगेकोमा चोरी निकासी गर्न लागेको भन्ने आधारमा पक्राउ गरी मुद्दा चलाइएको, यसरी बिल विजक समेत रहेको अवस्थामा चोरी निकासी गर्ने कार्य गरेको भनि हचुवाको भरमा गरेको निर्णय कानुन सम्मत नभएकोले शुरु कार्यालयको निर्णय बदरभागी

छ। सो निर्णय बदर गरी प्रतिवादीले सफाई पाउनुपर्छ भनि गर्नुभएको बहस समेत सुनियो।

१६. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौका विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतमले प्रतिवादीहरुले चोरी निकासी गर्ने नियतले नै ४० बोरा केराउ लगायतका बरामद मालवस्तु चोरी निकासी गर्नको लागि नै लगेको अवस्थामा पक्राउ परेकोले शूरु कार्यालयबाट गरेको निर्णय मनासिव हुंदा सदर हुनुपर्छ भन्ने समेत जिकिर लिई बहस प्रस्तुत गर्नुभयो।

१७. उपर्युक्त बमोजिमको तथ्य एंव पुनरावेदन जिकीर रहेको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फका विद्वान कानुन व्यवसायी तथा प्रत्यर्थी वादी तर्फका विद्वान सहायक न्यायाधिवक्ताले गर्नु भएको बहस जिकीरलाई समेत दृष्टिगत गरी हेर्दा यसमा शुरु भन्सार कार्यालय धनुषाको निर्णय मिलेको छ वा छैन? पुनरावेदकको जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१८. निर्णय तर्फ विचार गर्दा, प्रतिवादीहरु अजय कुमार साह र शिव कुमार झा मिति २०७७।६।३० गते अं.१९:०० बजेको समयमा जनकपुर देखी विदेह हुदैं को.१ज. ३७६० नं. को म्याजिक भ्यानमा मटर, मरिच लगायतका सामानहरु भन्सार छली गरी भारत तर्फ जादै गरेको अवस्थामा फेला पारी तलासी गर्दा मटर १००० किलोग्राम, कालो मरिच ६ बोरा १५० कि.ग्रा., छोकरा २ बोरा १०० कि.ग्रा. र सुकमेल ४ कि.ग्रा. समेत उक्त सामानहरु सहित को.१ज ३७६० नम्बरको म्याजिक भ्यान समेत हनुमानचोक देखि भारतको सिमासम्म जाने बाटोमा बरामद गरेको भन्ने मिति २०७७।०६।३० को बरामदी तथा खानतलासी मुचुल्काबाट देखिन्छ।

१९. अनुसन्धान अधिकृत समक्ष बयान गर्दा प्रतिवादी अजय कुमार साहले बरामद भएको सामान मेरै हो, सो सामान नानेश इन्टरप्राइजेजबाट खरिद गरी आफ्नै न्यु साह ट्रेडर्स लैजान लागेको थिए। सामानको विल विजक थियो। आफ्नै गोदाममा सामान अनलोड गर्दै गर्दा प्रहरीले पक्राउ गरेको हो भनी बयान गरेको देखिन्छ भने अर्का प्रतिवादी शिव कुमार झाले बरामद मालसामान अजय कुमार साह को हो। बरामद गाडी मेरै नाममा दर्ता रहेको छ। अजय कुमार साहले भाडामा जानुहुन्छ भनेर सोधेपछि सामान लोड गरेर जादै गर्दा अजय कुमार साहको गोदाममा सामान अनलोड गर्दा गर्दै पक्राउ गरेको भन्ने व्यहोरा लेखाएको पाइन्छ।

२०. मौकाको बरामदी मुचुल्कामा सही गर्ने अरविन्द कुमार राउत, सुरज कुमार राउत, र रोहित कुमार दाहालले बरामदी मुचुल्कामा भएको हस्ताक्षर स्वीकार गरेपनि अजय कुमार साहको गोदाममा जनकपुरबाट लगेको सामानहरु अनलोड गरी

सकेपछि वडा प्रहरी कार्यालय ठाडीको प्रहरी गोदाममा गएर पुनःम्याजिक भ्यानमा लोड गरेर लगेको भन्ने व्यहोरा लेखाइ कागज गरेको देखिन्छ भने विकास कुमार झाले बरामदी मुचुल्कामा प्रहरीले आफै हस्ताक्षर गरेको, मेरो हस्ताक्षर होइन भनी कागज गरेको देखिन आयो।

२१. यी पुनरावेदक प्रतिवादीहरु उपर भन्सार ऐन २०६४ को दफा ५७ (१) को कसुरमा सोही ऐनको दफा ५७ (१क) र (१ख) बमोजिम सजाय गरी बरामद को.१ज.३७६० नम्वरको म्याजिक भ्यान समेत जफतको माग दावी लिएको देखिन्छ। भन्सार ऐन, २०६४ को दफा ५७(१) मा "कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ" भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरु जनकपुर देखि विदेह ठाडीमा रहेको न्यू साह टेर्डसमा को.१ ज ३७६० नम्बरको म्याजिक भ्यानमा मटर केराउ ४० बोरा, मरिच १०० केजी, सुकमेल ४ केजी, छोकरा १०० केजी खरिद गरी बिल विजक सहित सामान अनलोड गरिरहेको अवस्थामा पक्राउ गरेको भन्ने निजहरुको बयानबाट समेत देखिन्छ। यी प्रतिवादीहरुले बिल विजक सहितको सामान जनकपुर देखि विदेह ठाडीमा रहेको न्यू साह ट्रेर्डसमा लैजाने क्रममा पक्राउ परेको पाइयो।

२२. यसरी आरोपित भन्सार ऐन, २०६४ को दफा ५७ (१) वमोजिमको कसुर ठहर्नको लागि भन्सार महशुल लाग्ने मालवस्तु भन्सार महशुल नतिरी, लुकाई छिपाइ वा बाटो छली वा भन्सार महसुल नलाग्ने मालवस्तु भए घोषणा नगरी नेपाल वाहिर लैजाने वा सोको प्रत्यत्न गरेको प्रमाणबाट पुष्टी हुनुपर्दछ। प्रस्तुत मुद्दामा प्रतिवादी अजय कुमार शाहले जनकपुरको नानेश इन्टरप्राइजेजबाट किनेको सामान आफ्नो विदहे ठाडीमा रहेको न्यू साह ट्रेडर्समा भाडामा लिएको शिव कुमार झाको को.१ज.३७६० नम्बरको म्याजिक भ्यान भाडामा लिएर लगेको र आफ्नो गोदाममा अनलोड गर्दा गर्दै प्रहरीले पक्राउ गरेको देखिन्छ।यस प्रकारको कार्यलाई भन्सार ऐन २०६४ को दफा ५७ (१) बमोजिमको कसुर मान्न सकिने कुनै प्रमाण वादी पक्षले पेश गर्न सकेको पाइदैंन। फौजदारी मुद्दामा प्रतिवादीहरु उपरको अभियोग शंका रहित रुपमा प्रमाणबाट पुष्टी भएको हुनुपर्दछ अन्यथा अनुमानको भरमा कसुरदार ठहर गर्नु फौजदारी न्यायको सिद्धान्त विपरित हुन जान्छ।यी पुनरावेदक प्रतिवादीहरु कसुरमा इन्कार रहेका, बरामद मालसामानको बिल विजक निजहरुसँग रहेको, बरामदी मुचुल्कामा रहेको व्यहोरा सो मुचुल्कामा रोहवरमा बस्ने व्यक्तिहरुको बयानवाटै खण्डित हुन पुगेको, बरामद स्थल प्रतिवादीको गोदाम नै रहेको देखिएको स्थितिमा स्थानीय बजारको आकार, त्यहाँ

बसोवास गर्ने मानिसहरुमा मात्र विक्री वितरण गरी खपत हुन सक्ने अवस्था नभएको र मालसामान चाडै सड्ने ओसिने, किरा लाग्ने भइ उपभोग विहीन हुने भनी आफैले आत्मपरक रुपमा अनुमान गरी शुरु भन्सार अधिकृतले प्रतिवादीहरुलाई दोषी ठहर गरेको पाइयो। श्री सर्वोच्च अदालतवाट प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रतिवादी उपरको अभियोग दावी पुष्टी गर्ने प्रमाणको भार वादी नेपाल सरकारमा निहित रहेको र सो बमोजिम अभियोग दावी बमोजिमको ठोस एवं निश्चयात्मक प्रमाण वादी नेपाल सरकारको तर्फवाट पेस हुन नसकेको अवस्थामा फौजदारी न्याय तथा न्यायिक सिद्धान्तको रोहमा शंकाको भरमा प्रतिवादीहरुलाई कसुरदार करार गर्न नमिल्ने भनी सिद्धान्त प्रतिपादन भइरहेको पाइन्छ। [1]मिसिल संलग्न प्रमाण तथा उक्त प्रतिपादित सिद्धान्त समेतको आधारमा हेर्दा, प्रतिवादीहरुलाई केबल शंका र अनुमानको भरमा मात्र आरोपित कसुरमा दोषी ठहर गरी सजाय गरेको फैसला न्यायको रोहमा मिलेको नदेखिँदा शुरु फैसला उल्टी गरी प्रतिवादीहरुलाई सफाइ दिनुपर्ने देखियो।

२३. तसर्थ माथि बिबेचित आधार र कारणबाट पुनरावेदक प्रतिवादीहरु अजय कुमार साह र शिव कुमार झाले भन्सार ऐन,२०६४ को दफा ५७(१) बमोजिमको कसुर गरेको भन्ने अभियोग मिसिल संलग्न प्रमाणबाट पुष्टी हुन नसकेको स्थितिमा निर्णयकर्ताले अनुमानको आधारमा निजहरुलाई कसुरदार ठहर गरी जरिवाना गर्ने र बरामद केराउ तथा को.१ज. ३७६० नम्बरको म्याजिक भ्यान समेत जफत गर्ने गरी जनकपुर भन्सार कार्यालयका भन्सार अधिकृतबाट मिति २०७७।९।२२ मा भएको निर्णय कानुनी त्रुटीपूर्ण देखिंदा उल्टी बदर भई पुनरावेदक प्रतिवादीहरुले अभियोग माग दावी बमोजिमको कसूरबाट सफाई पाउने ठहर्छ। अरु तपसिल बमोजिम गर्नु ।

**तपसील खण्ड**

१. माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादीहरु अजय कुमार साह र शिव कुमार झालाई शुरु भन्सार कार्यालय धनुषाबाट मिति २०७७/९/२२ गते भएको निर्णय उल्टी बदर भई सफाई पाउने ठहरी फैसला भएकोले प्रतिवादीहरुको नाममा रहेको जरिवानाको लगत कट्टा गरी प्रतिवादीहरु अजय कुमार साह र शिव कुमार झाबाट बरामदित को.१ज ३७६० नम्बरको म्याजिक भ्यान तथा निजहरुले धरौटी वापत राखेको रकम ऐनका म्यादभित्र निवेदन दिन आए कानुन बमोजिम गरी फिर्ता दिनु भनि शुरु जनकपुर भन्सार कार्यालयलाई लेखि पठाइदिनू।

[1] तेज बहादुर रोकामा समेत विरुद्ध नेपाल सरकार, ने.का.प. भाग ६२ २०७७ अंक ५ नि.नं.१०४९३

२. यो फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी विशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई पठाइदिनू।

३. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू ।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिइ नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल जनकपुर भन्सार कार्यालयमा पठाइ रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

पुष्प प्रसाद गुरागाई
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग पुऱ्याउन हुनेः-

शाखा अधिकृतः सनिता लामा
फैसला मितिः२०७९।०३।३०।५
प्रमाणीकरण मितिः

राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम ललितपुरको छाप